Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल भूकम्प २०७२ अपडेट : ४५ औं दिन
मिति : ०७२ जेठ २५ गते
अन्तिम अपडेट : २२:०० बजे

मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)
मृतक : ८,७७८
घाइते : २२,३०३

**इन्सेक अध्यक्षद्वारा भूकम्प प्रभावित बारपाकको अनुगमन**

इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले वैशाख १२ गते आएको विनासकारी भूकम्पको केन्द्रबिन्दु बारपाकको अवलोकन भ्रमण गरेका छन् । भूकम्पले पुऱ्याएको क्षति, त्यसयता स्थानीयले भोगेका समस्या, अहिलेको अवस्था, राहत बितरणको प्रक्रिया, पुनःनिर्माणको संभावना र भएका प्रयासबारे उनले स्थानीयलाई भेटेर जानकारी लिएका हुन् ।

जेठ २४ गते बारपाक पुगेर अध्यक्ष प्याकुरेलले त्यहाँका स्थानीयसँग भूकम्प र त्यसपछिको अवस्थाबारे जानकारी लिएका हुन् । स्थानीयले अहिले राहत, पुनःनिर्माणको काम सन्तोषजनकरूपमा भइरहेको प्रतिक्रिया दिएका थिए । गाविस सचिव, स्थानीय राजनीतिक दलका प्रतिनिधि, बारपाकमा स्वास्थ्य शिविर, विद्यालय भवन निर्माण, र स्वयम्सेवकको रूपमा काम गर्दै आएका अन्य व्यक्तिलाई समेत भेटेका थिए । सो क्रममा स्थानीयले भूकम्प प्रतिरोधात्मक घरको अवधारणा ल्याउनुपर्ने र पहिलेकै जस्तै सुन्दर बस्ती बारपाकमा बसाल्न पहल गरिदिन अनुरोध गरे ।

**काचो चामल खाएर बसेका छौं, घर फर्किन पाइएन**

भूकम्पले घर भत्किएर बस्न नहुने भएपछि बाध्य भएर वैशाख १२ गतेपछि काठमाडौंको टुँडिखेलमा पाल टाँगी बसेका तीन हजार घरपरिवार अझै पनि घर फर्कन सकेका छैनन् । सुरक्षित घर र कोठाको अभावका कारण पीडितहरू टुँडिखेलबाट घर फर्कन नसकेका हुन् । चीन सरकारले दिएको पाल भित्र बसी खाना खाँदै गरेकी धादिङकी नानू पाण्डेले भनिन् “काचो चामल खाएर बसेका छौं, घर फर्किन पाइएन” । उनले थपिन् “एक महिना भो ! कोठा खोजेको हैरान भइयो । तर पाइएन ।”
त्यस्तै रामेछापकी बसन्ती तामाङले भनिन् “हामी कोठा भाडा लिई बस्नेलाई कसैले देख्दैनन् । बल्ल-बल्ल कमाएको सामान भूकम्पले पुरिदियो । घरबेटीले नबसे पनि भाडा देऊ भनेर किचकिच गर्न आउँछन् ।”

**उल्लेख्य**

- समाचार सम्प्रेषणको विषयलाई लिएर जेठ २४ गते केही व्यक्तिले रेडियो रसुवाका स्टेशन म्यानेजर दीपक लामा र अनु आचार्यमाथि गाविस सहायक अरुण थोक्राले किन यस्तो समाचार लेखिस् भन्दै रेडियोमा प्रवेश गरी तोडफोड प्रयास गरेका थिए । धुन्चे गाविसमार्फत भूकम्प पीडितलाई राहत सामग्री वितरण गर्न छुट्टयाइएको नौलाख रुपियाँबाट खाद्यान्न स्वरुप चिनी, तेल चिया पत्ती, नुन खरिद गरी सदरमुकाम धुन्चेमा खाद्यान्न सामग्री वितरण गरिएको थियो । समाचारको विषयलाई लिएर रेडियो रसुवाका स्टेशन म्यानेजर, लगायतका कर्मचारी माथि अभद्र व्यर्वहार गरी धुन्चे गाविसका सामाजिक परिचालक र गाविस सहायक अरुण तामाङले रेडियो तोड्फोड् गर्न र मार्ने धम्की दिएका थिए ।

- भूकम्पले भोजपुर जिल्लाको सुदुरउत्तरी दोभाने गाविसमा धाँजा फाटेर केही बस्ती जोखिममा परेपछि स्थलगत निरीक्षणका लागि विज्ञसहित टोली सम्बन्धित स्थलमा पठाउन लागिएको छ। भूकम्पका कारण बस्तीमाथिको डाँडामा धाँजा फाटेपछि स्थानीय जोखिम मोलेर बस्न बाध्य भइरहेको सूचनाको आधारमा जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठक बसेर निरीक्षणका लागि तत्काल टोली खटाउन लागेको हो।

- जिल्ला दैवी प्रकोप उद्धार समिति ओखलढुङ्गाले राहत वितरण तथा तथ्याङ्क सङ्कलनसम्बन्धी अनुगमन जेठ २५ गतेबाट शुरु गरेको छ। राहत लिनकै लागि घर तथा भत्केका संरचना पूर्ण क्षतिमा लेखाउने होडबाजी चलेपछि नियमनका लागि अनुगमन थालिएको हो। प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद भट्टराईको नेतृत्वमा जिल्लाका विभिन्न गाविसमा अनुगमन गर्ने गरी टोली गाउँ गएको छ। नर्मदेश्वर, रानीवन, सिंहदेवी लगायतका गाविसमा भएका घरधुरी सङ्ख्याभन्दा बढी घर क्षति भएको विवरण आएपछि अनुगमन गर्न थालिएको प्रमुख जिल्ला अधिकारी भट्टराईले बताए।

- भूकम्पले विद्यालय भत्काएपछि नुवकोटमा अस्थायी सिकाइ केन्द्र निर्माण नहुँदा जिल्लाका धेरै विद्यालयले चौरमा पठनपाठन सञ्चालन गरिरहेका छन्। पाँच वटा कक्षाकोठा भूकम्पबाट जोगिए पनि सबै विद्यार्थी नअटाउने भएको कारण सिसौको फेदमा चौरमा म्याट राखेर पठनपाठन सञ्चालन गरिरहेको चौघडास्थित क्षेत्रपाल उच्चमाविका प्रधानाध्यापक कृष्णबहादुर राईले बताए। 'एउटा सानो हटरो बनाएका छौं। केही कक्षा कोठा पनि छन्। तर, सबै नअट्ने भएकोले सिसौको सियाँलमा राखेर पढाएको' उनले भने 'केही दिन अझै टहरो व्यवस्थापन हुन लाग्छ सक्छ। जिल्लाबाट केही रकम आउँछ भन्ने छ। आयो भने अरु पनि हटरो बनाएर बालबालिका राख्छौं।' जिल्ला शिक्षा कार्यालयकाअनुसार नुवाकोटमा सामुदायिक र संस्थागत गरी ५ सय ६१ विद्यालयको ४ हजार ५ सय ५८ कक्षाकोठामा २ हजार ६ सय २२ कक्षाकोठा पूर्णरूपमा क्षति भएको छ भने ८ सय २३ कक्षाकोठा आंशिक क्षति भएका छन्। ८ सय ८७ कक्षाकोठा मात्र पठनपाठन सञ्चालन गर्न योग्य रहेका छन्।

- भूकम्पको कारण क्षति भएका तनहुँका विद्यालयलाई १ करोड ३७ लाख ९५ हजार रुपियाँ उपलब्ध गराइने भएको छ। जिल्ला दैवी प्रकोप उद्धार समितिको जेठ २५ गते बसेको बैठकले क्षति भएका ३ सय ५ वटा विद्यालयलाई न्यूनतम २५ हजार रुपियाँ नघट्ने गरी सो रकम उपलब्ध गराउने निर्णय गरेको हो।

- भूकम्प पीडित परिवारका लागि जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा राहतस्वरुप नगद २९ लाख ४० हजार रुपियाँ वितरण गरिएको जिल्ला दैवी प्रकोप उद्धार समिति, उदयपुरले जनाएको छ। वितरण गरिएको नगद राहत रकममध्ये १ लाख रुपियाँ कृषक महासङ्घ र बाँकी २८ लाख ४० हजार केन्द्रीय दैवीप्रकोप समितिले उपलब्ध गराएको हो।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline